नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

## (योजना तथा अनुगमन शाखा)

प.सं.:२०७२/०७३

चलानी संख्या:

## विज्ञप्ति

मिति: २०७२।१२।१४

सामान्य प्रशासन मन्त्रालयबाट सिँहदरवार भित्र कार्यरत राष्ट्रसेवक निजामती कर्मचारी सिंहदरवार प्रवेश गर्दा कर्मचारी परिचयपत्रको साथै तोकिएको सरकारी पोशाक अनिवार्य रुपमा लगाएकै हुनुपर्ने र नलगाएको पाइएमा सिंहदरवार प्रवेशमा समेत रोक लगाउन सकिने विषयको परिपत्र भैसकेको सन्दर्भमा आज मिति २०७२।१२।१४ गते सामान्य प्रशासन मन्त्रालयले सिंहदरवार परिसर भित्र कार्यरत निजामती कर्मचारीहरुले तोकिएको पोशाक लगाएको नलगाएको सम्बन्धमा बिहान ९.३० देखि ११.०० सम्म सिंहदरवार प्रवेशद्धारहरुमा छड्के अनुगमन गर्दा ११४ जना निजामती कर्मचारीहरुले तोकिए बमोजिमको पोशाक सम्पूर्ण रुपमा लगाएको नदेखिएकोले ती कर्मचारीहरुको नाम नामेसी सहितको विवरण टिपी आज एक दिनको लागि प्रवेश दिइएको, ७० जना कर्मचारीहरु पूर्ण रुपमा तोकिएको पोशाकभन्दा फरक पोशाकमा आएको कारण प्रवेश नदिइ फर्काइएको र करारमा नियुक्ती पाएका कर्मचारीहरुको नाम नामेसी सहितको विवरण टिपी प्रवेश दिइएको छ। यसको विवरण सम्बन्धित निकायमा पठाईएको छ ।यस कार्यका लागि सामान्य प्रशासन मन्त्रालयले २ जना उप सचिव सहित १५ जना कर्मचारी सिहदरवार ३ वटा प्रवेश द्वारमा निरिक्षणका लागि खटाएको थियो ।

नन्दराज ज्ञवाली
सहायक प्रवक्ता



सिंहदरवार, काठमाडौं, फोन: ४२००३६७, ४२००३६८, ४२००३६९ फ्याक्स: ४२००२३८
अडियो नोटिस नम्बर: १६१८०१४२००३१४ इमेल: info@moga.gov.npवेव:www.moga.gov.np..